# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला नवलपरासी (बर्दघाट सुस्तापश्चिम), सरावल गाउँपालिका वडा नं. ६ स्थित कालोपत्रे तथा नाला निर्माण योजनामा सम्झौताअनुसारको काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला नवलपरासी (बर्दघाट सुस्तापश्चिम), सरावल गाउँपालिकाका सव-इन्जिनियर भिमदेव भट्टराईले नाली निर्माणमा नालीको कम उचाई, प्लास्टर कम तथा नालीको बढी मूल्याङ्कनसमेत गरी गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले वास्तविक भएगरेको भन्दा बढी काम देखाई नापी किताब तयार गरेको तथा मूल्याङ्कन गरेकोसमेत गरी वास्तविक भए गरेकोभन्दा रू.३,६१,०८१।४५ बढी भुक्तानी भएको देखिएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज भिमदेव भट्टराईलाई बिगो रू.३,६१,०८१।४५ (तीन लाख एकसट्ठी हजार एकासी रुपैयाँ पैतालीस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**